नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं
नेपाल

Website: https://moics.gov.np
E-mail: info@moics.gov.np
फोन नः- ४२१११५४१

## प्रेस विज्ञप्ति

आज मिति २०८१ पौष २६ गते तदनुसार १० जनवरी २०२५ का दिन नेपाल-भारत वाणिज्य सचिवस्तरीय अन्तर-सरकारी समिति (Inter-Governmental Committee-IGC Meeting) को पहिलो दिनको बैठक काठमाण्डौमा सम्पन्न भयो। नेपाली वार्ताटोलीको नेतृत्व वाणिज्य तथा आपूर्ति सचिव श्री गोविन्द बहादुर कार्की र भारतीय वार्ताटोलीको नेतृत्व भारतका वाणिज्य सचिव श्री सुनिल बर्थवालले गर्नु भएको थियो। दुवै पक्षका वार्ताटोलीमा सम्वन्धित निकायका पदाधिकारीहरूको सहभागिता रहेको थियो।

उक्त बैठकमा दुवै पक्षको सहमतिमा तयार भएका व्यापार सन्धि, २००९, पारवहन सन्धि, २०२३ र अनधिकृत व्यापार नियन्त्रण सम्झौता, २००९ अन्तर्गतका विभिन्न विषयमा वृहत छलफल भयो। बैठकको क्रममा खास गरी नेपाल भारतबीचको वाणिज्य सन्धि पुनरावलोकन गर्ने विषयमा चौथो चरणको वार्ता छिट्टै गर्ने, पारवहन सन्धिलाई कार्यान्वयनमा ल्याउन नेपालद्वारा प्रेषित लेटर अफ एक्चेन्जलाई छिट्टै निष्कर्षमा पुर्याउने, नेपालमा उत्पादित वस्तुहरू भारतमा निकासी गर्न आवश्यक पर्ने बि.आई.एस. प्रमाणपत्र प्राप्तिको प्रक्रियालाई छिटो छरितो बनाउने, भारतीय लगानीमा नेपालमा निर्माण भईरहेका आयोजनाहरूमा आवश्यक पर्ने उपकरण तथा अन्य सामाग्रीको आयातलाई सहजीकरण गर्ने, नेपालमा उत्पादन नहुने पशुजन्य खाद्य पदार्थको भारतबाट हुने आयातलाई सहजीकरण गर्ने, नेपालको गुणस्तर तथा नापतौल विभाग र भारतको Bureau of Indian Standards तथा नेपालको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भारतको Food Safty and Standards Authority बिच पारस्परिक सहयोग अभिवृद्धि गरी वस्तुको गुणस्तर निर्धारण तथा परिक्षण, प्रमाणीकरण र पारस्पारिक मान्यताको प्रक्रियालाई अगाडि बढाउने, औषधिको आयात निर्यातलाई व्यवस्थित गर्ने, भन्सार प्रक्रियालाई सहजीकरण गर्ने, दुवै पक्षका विषयगत संयन्त्रयहरु मार्फत सम्वन्धित विषयहरु समयमै टुङ्ग्याउँदै जाने लगायतका विषयमा सहमति भएको छ।

त्यसैगरी व्यापार तथा लगानीको हिसावले महत्वपुर्ण साझेदारका रुपमा रहेका नेपाल भारत बिचका विद्यमान संयन्त्रहरुलाई थप क्रियाशील बनाई नियमित रुपमा छलफल तथा बैठक गरी दुवै पक्षको हित प्रवर्धन हुने गरी अगाडि बढ्नुपर्ने कुरामा जोड दिइयो।

मिति:२०८१ पौष २६ गते।

सहसचिव/प्रवक्ता